आज मिति २०८२ साल जेष्ठ १८ गते तदनुसार (June 01, 2025) आईतबार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री विष्णु वहादुर तामाङ | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम वहादुर वलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण वहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री वाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.सी. | कार्यपालिका सदस्य | ~~अनुपस्थित~~ |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री भोगवहादुर राई | प्र.प्र.अ./ सचिव | |
| कार्यवाहक : | | |
| श्री गायत्री प्रसाद दाहाल | ६ नं. वडा कार्यवाहक अध्यक्ष | |
| श्री टिकामाया थापा | ८ नं. वडा कार्यवाहक अध्यक्ष | |

२०८२ साल जेष्ठ १८ गते तदनुसार June 01, 2025 वुधबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. बालकल्याण अधिकारीको जिम्मेवारी सम्बन्धमा ।

२. सिफारिस सम्बन्धमा

३. शिक्षा शाखाको जिम्मेवारी सम्बन्धमा।

४. शिक्षकहरुलाई काम काजमा खटाउने सम्बन्धमा ।

५. कृषि स्नातक सेवा करार नपुग पारिश्रमिक सम्बन्धमा ।

६. आलु पकेट शिर्षकको बजेट खर्च गर्ने सम्बन्धमा ।

७. सरुवा सहमति सम्बन्धमा ।

८. एम्बुलेन्स सञ्चालनको आय व्यय एवं एम्बुलेन्स चालकको सेवा करार नियुक्ति सम्बन्धमा

९. आर्थिक सहायता सम्बन्धमा

बैठकका निर्णयहरु:

**निर्णय नं.-१:** वालवालिका सम्वन्धी ऐन, २०७५ को दफा (६१) को उपदफा (१) मा मा उल्लेख भए बमोजिम बालवालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नको लागि यस गाउँपालिकाको लागि सहायक महिला विकास निरीक्षक श्री चम्पा राईलाई वालकल्याण अधिकारीको काम गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२:** सडक डिभिजन हर्कपुर, ओखलढुंगाको पत्र संख्या २०८१/८२, च.नं. ८३३, मिति २०८२/०२/१४ को पत्रअनुसार नेपाल सरकारको नाममा रहेको ओलढुंगा जिल्ला मानेभन्ज्याङ गाउँपालिका वडा नं. ७, साविक टोक्सेल गा.वि.स. वडा नं. २ मा रहेको कित्ता नं. ३४४ क्षेत्रफल ५९-७-०-३ ऐलानी जग्गा मध्ये १५ रोपनी जग्गा सडक डिभिजन, हर्कपुरलाई उपलब्ध गराउन उपयुक्त हुने वेहोराको सिफारिस सम्धन्धित निकायमा गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** यस कार्यालयको शिक्षा शाखा प्रमुख प्रास श्री भरत खतिवडा मिति २०८२/०२/१५ देखि नियमानुसारको सुत्केरी स्याहार विदामा रहनुभएकोले उहाँको स्वीकृत सुत्केरी स्याहार विदाको अवधिभर यस

CamScanner

कार्यालयमा कार्यरत सहायकस्तर पाँचौ श्री नविन गिरीलाई शिक्षा शाखाको जिम्मेवारी हेर्नेगरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.४:** शिक्षा समितिको मिति २०८२/०२/१६ को निर्णाय एवं सिफारिस वमोजिम यस गाउँपालिका अन्तर्गतको तपसिलमा उल्लिखित विवरण अनुसार सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई कामजकाजमा खटाउने गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | शिक्षकको नाम, थर | कार्यरत विद्यालय | काम काजमा खटाएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | श्री कोपिला खड्का | कालिका मावि, मोली | सहिदस्मृति आवि, सातसल्ले | |
| २. | श्री खोटराज धमला | कालिका मावि, मोली | मंगला आवि, फस्कु | |
| ३. | श्री अनिसा बुढाथोकी | मंगला आवि, फस्कु | कालिका मावि, मोली | |
| ४. | श्री दिपक वस्नेत | दिपज्योति आवि, वाखे | कालिका मावि, मोली | |
| ५. | श्री विद्यासागर पन्डित | मनकामना मावि, वाक्सा | कालिका मावि, मोली | |
| ६. | श्री रामप्रसाद यादव | कालिका मावि, मोली | मनकामना मावि, वाक्सा | |
| ७. | श्री तुलसा ढकाल धमला | सहिदस्मृति आवि, सातसल्ले | दिपज्योति आवि, वाखे | |

**निर्णय नं.५:** यस कार्यालयमा सेवा करारमा कार्यरत कृषि स्नातक अधिकृतस्तर छैटौं श्री सन्तोष थापाको संघीय सरकारवाट हस्तान्तरित वार्षिक स्वीकृत वजेटवाट पारिश्रमिक भुक्तानी गर्न नपुग देखिएकोले निजको सेवा करारमा उल्लिखित पारिश्रमिक अनुसार नपुग तलब भत्ता गाउँपालिकाको स्वीकृत वार्षिक करार सेवा शुल्क वजेट शिर्षकवाट अपुग तलव भत्ता भुक्तानी गर्ने गरियो ।

**निर्णय नं.६:** चालु आवमा संघीय सरकार सशर्त अनुदानबाट प्राप्त बजेट शिर्षक आलु पकेटको बजेट रकम रु. १२ लाखवाट खर्च भई वाँकी रहने रु. ६ लाखवाट मिनि टिलर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** यस गाउँपालिकामा मिति २०८०/१२/१८ मा स्थायी नियुक्ति भई स्वास्थ्यचौकी वाक्सामा कार्यरत अहेव सहायकस्तर चौथो तहका कर्मचारी श्री राधेश्याम यादवबाट प्राप्त सरुवा सहमित सम्बन्धी निवेदन अनुसार निजको घरायसी समस्या देखिएकोले निज कर्मचारी सरुवा भई जाँदा यस कार्यालयको सेवा प्रवाहमा असर नपर्ने भएकोले सरुवा सहमिति दिने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस गाउँपालिका स्वास्थ्यचौकी मानेभन्ज्याङ ओखलढुंगाको नाममा रहेको एम्बुलेन्स मिति २०८०/१२/०१ गतेवाट सञ्चालनमा रहेको र उक्त एम्बुलेन्स चालकको रुपमा कार्यरत श्री अमृतवहादुर आलेमगरको आव २०८१/८२ देखिको नियमानुसारको दैनिक ज्याला एकीन गरी भुक्तानीको लागि

सिफारिस गर्ने कामको जिम्मा स्वास्थ्य शाखा प्रमुख (जनस्वास्थ्य निरीक्षक) श्री ढवलराज राईलाई जिम्मेवारी तोक्ने तथा उक्त मिति देखिको एम्बुलेन्स सञ्चालनको आय-व्ययको हिसाब गरी गाउँ कार्यपालिकामा पेश गर्ने जिम्मेवारी समेत स्वास्थ्य शाखा प्रमुख (जनस्वास्थ्य निरीक्षक) श्री ढवलराज राईलाई तोक्ने निर्णय गरियो । साथै उक्त प्रतिवेदन पेश भएपश्चात निज एम्बुलेन्स चालकको *एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८१* को अधिमा रही सेवा करारमा नियुक्तिको लागि सिफारिस गर्ने जिम्मा समेत (स्वास्थ्य शाखा प्रमुख) जनस्वास्थ्य निरीक्षक श्री ढवलराज राईलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** यस गाउँपालिकाका तपसिलमा उल्लिखित पहिरोमा परी घाईते भएका र क्यान्सर रोगीलाई अन्य सामाजिक सहायता बजेट शिर्षकबाट आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

क. सुमन पुलामी मगर (मानेभन्ज्याङ-५) रु. १०,०००/-

ख. चन्द्रकला राईको छोरी संस्कृति राई (मानेभन्ज्याङ-५) रु. १०,०००/-

CamScanner